प.सं. २०८१/८२
च.नं.

# बडीमालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८१-०७-०७
ने.सं.: ११४४ कौलागा ६ बुधवार

### कवाडीजन्य बस्तुहरु संकलन बिक्रि तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना
### दोस्रो पटक प्रकाशित मिति २०८१/०७/०७ गते

यस कार्यालयबाट चालु आर्थिक बर्ष २०८१/०८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम बडीमालिका नगरपालिका क्षेत्र भित्रका तपशिलका कवाडीजन्य बस्तुहरु बिक्री तथा निकासी शुल्क संकलनको कार्य बढाबढ ठेक्का बन्दोबस्तबाट गर्नेपर्ने भएको हुँदा सम्बन्धित निकायमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपशिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न चौधौं दिन र १५ औदिनको १२ बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गर्नुन्हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। शुल्क अशुली सम्बन्धी दररेट विवरण तथा कर संकलन सम्बन्धि थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ। साथै ठेक्का सम्बन्धी फारम र थप जानकारी यस कार्यालयको राजश्व/प्रशासन तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेभ पेज www.badimalikamun.gov.npबाट समेत लिन सकिनेछ।

| सि.न. | ठेक्का न. | ठेक्का विवरण | निकासी गर्न सकिने परिणाम | न्यूनतम अंक मूल्य अभिवृद्धि कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/०८१/०८२ | बडीमालिका नगरपालिका भित्रका आर्थिक ऐन स्वीकृत अनुसार वडा नं. १-९ सम्म विभिन्न प्रकृतिका कवाडीजन्य पदार्थहरु (जस्तै: खालीसिसा,प्लाष्टिक,कागज,खाली बोरा,फलाम आदी) संकलन तथा निकासी गर्ने कार्य | ४७,९९० के.जि. | ७०,०००। | रु १०००। |

शर्तहरु

- बोलपत्र दर्ता गर्दा लाहाछाप सहितको शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ।
- शिलबन्दी बोलपत्र फाराम साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,मुल्य अभिवृद्धिकर सहितको PAN को प्रतिलिपि आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र र आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ।
- बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
- दर्ता भएको बोल[illegible]

नगरपालिकामा निहित रहने छ।

- कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।
- नेपाल सरकार तथा प्रचलित कानुनद्धारा बन्देज गरिएका चिज बस्तुहरुको संकलन तथा निकासी गर्ने पाइने छैन।
- यस ठेक्काको अवधि सम्झौता मिति २०८२ असार मसान्त सम्म मात्र हुनेछ।
- बोलपत्र फारममा कवुल गरेको अंक वाफतको रकम यस नगरपालिकाको धरौटी खाता नं ४०७०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर राजश्व उप-शाखामा दाखिला भौचर पेश गर्नुपर्नेछ।
- गत/विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकि बक्यौता रहेको फर्म वा कम्पनीले यस सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।
- पेश गरेको शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।
- वोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु क्रमश त्यसपछी कार्यालय खुलेको दिन हुनेछन।
- स्वघोषणापत्र र पेश गरेका कागजातहरु प्रमाणित गरेको हुनुपर्ने।
- अन्य शर्तहरु सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम हुनेछ।

पुष्पराज भट्ट

नि.प्रमुख प्रशासकीय अधिकृत